# सुदूरपश्चिममा ट्रान्सजेंडरको अनुभव र अवस्था

शान्ता हमाल

सारसंक्षेप

यो लेखले सुदुरपश्चिम प्रदेशमा ट्रान्सजेन्डर (पारलैङ्गिक)व्यक्तिहरू समाजमा आफ्नो पहिचानका साथ अगाडी आउन सकेका छन् त भन्ने प्रश्ननको उत्तर खोज्नका लागि, उनीहरुको जीवन भोगाई र अवस्था पत्ता लगाउने उद्‌देश्य राखेको छ । त्यसको लागि १० जना ट्रान्सजेन्डर व्यत्तिहरुसँग अनलाइन(जूम) र फोनको माध्ममबाट असंरचित प्रश्नावलीको प्रयोग गरी गहन अन्तर्वार्ता गरिएको थियो। ट्रान्सजेंडरको अनुभव र अवस्था बुझ्दा व्यक्ति विशेष फरक-फरक अवस्था र अनुभव पाइयो / यो अध्ययनको निम्न निष्कर्षहरु रहेका छन् : कानुनले ट्रान्सजेंडरलाई समानताको हक प्रदान गरेता पनि प्रयोगमा सहज, व्यवहार र सम्बन्धमा परिवर्तन पाइएन / समलिङ्गी विवाहलाई कानुनले मान्यता नदिए तापनि व्यवहारमा विवाह भएको पाइन्छ / अझैपनि प्रायजसो ट्रान्सजेंडरहरु आफुले चाहेको पहिचानका साथ समाजमा आउन नसकेको र केहि मात्र भएपनि निलहिरा समाज द्वाराआफ्नो पहिचान निर्माण गरेको पाइन्छ / ट्रान्सजेंडरहरु विभिन्न क्षेत्रबाट विपरीत लिंगीको व्यवहार भएकै कारण बहिष्कृत हुनुपरेकोले उनीहरूको सामाजिक शैक्षिक र आर्थिक उन्नतिमा बाधा पुगेको देखियो / जसको कारण ट्रान्सजेंडरहरुसँग सम्बन्धित पर्याप्त ज्ञानका साथै ट्रान्सजेंडर अनुकूल वातावरण नहुनु र ट्रान्सजेंडरलाई समाजको एक भागको रूपमा लिई व्यवहार र सम्बन्ध कायम गर्न नसक्नु रहेको छ / ट्रान्सजेंडर मैत्री वातावरण बनाउनका लागि समाज र शैक्षिक प्रणालीमा ट्रान्सजेंडर सम्बन्धी पर्याप्त ज्ञान प्रदान गर्नुका साथै मिडिया प्रयोग गर्नुपर्ने देखिन्छ / उनीहरूलाई फरक नभएर समान व्यवहार गर्नुपर्ने देखिन्छ / साथै ट्रान्सजेंडरहरुलाई सशक्तीकरण गरी आत्मसम्मानको जीवन जिउने वातावरण बनाउन सकेमा ट्रान्सजेंडरहरुको जीवन गुणस्तरीय बनाउन सकिन्छ जुन कुरा देशको समृद्धिसँग जोडिन जान्छ / यस अध्ययनले नीतिनिर्माण र सुधार गर्नमा सहयोग पुर्याउँछ /

मुख्य शब्दावली: लैङ्गिक पहिचान, ट्रान्सजेंडर पहिचान, ट्रान्सजेंडर महिला, ट्रान्सजेंडर पुरुष, समलिङ्गी, विपरीतलिङ्गी

## परिचय

विश्वका साथै नेपालको सन्दर्भमा जातजाति, धार्मिक र लैङ्गिक सम्बन्धमा पहिचानको मुद्‌दा उच्च चिन्ताको विषय बनेको छ। उन्नाइसौं शताब्दीमा पहिचानकै क्रममा ,महिलावादी आन्दोलनहरु भएका छन् । उक्त आन्दोलनहरु पहिचानभन्दा पनि पुरुषसरह समान अधिकारका मुद्‌दा सम्बोधनका लागि भएका थिए भने पारलैङ्गिक महिलाहरूको मुद्‌दाको सम्बोधनको अभाव रहेको पाइन्छ । लैङ्गिक पहिचानको निर्माणमा विभिन्न दृष्टिकोणहरु पाइन्छन् । परम्परागत दृष्टिकोणमा जैविक लिङ्गको आधारमा लैङ्गिक पहिचान निर्माण विशेष गरी महिलाका र पुरुषका विशेषतालाई छुट्याइएको हुन्छ । तर उक्त लैङ्गिक पहिचानमा पारलैङ्गिक (ट्रान्सजेंडर) व्यक्तिहरू समायोजन हुन नसक्दा लैङ्गिक पहिचानमा संकट पैदा भएको छ। यस्तो अवस्थामा विश्वका पारलैङ्गिक व्यक्तिहरुले आफ्नो सही पहिचानको लागि तीन दशकदेखि र नेपालमा दुई दशकदेखि संघर्ष गरेको पाइन्छ । पारलैङ्गिक शब्द सामान्यतया ती व्यक्तिहरूको लागि प्रयोग गरिन्छ जसको लैङ्गिक पहिचान वा अभिव्यक्ति जन्ममा तोकिएको लिङ्गले सामाजिक अपेक्षाअनुसार मेल खाँदैन (Currach, Juang and Minter, २००६) । निलहिरा समाज (२००९) का अनुसार "(जन्मँदा बालक वा बालिका जे सुकै भएपनि) यस्तो व्यक्ति (हुर्कंदा) जसको लैङ्गिक पहिचान, लैङ्गिक प्रस्तुति, व्यक्तित्व आदि समाजमा परम्परागत रुपमा महिला र पुरुष अपेक्षा गरिएको भन्दा फरक हुन्छ"त्यस्ता व्यक्तिलाई पारलैङ्गिक भनिन्छ । नेपालमा विभिन्न भेगमा विभिन्न भाषामा पारलैङ्गिकलाई यसप्रकार- मेटी, सिङ्गारु, मारुनी, मौगिया वा कोथी र फुलुमुलु भनिन्छ । पारलैङ्गिक व्यक्तिहरू आफ्नो भौतिक शरीर र मानसिक

अवस्थाबिच  बेमेलको स्थितिमा  रहेका छन् । त्यस्ता व्यक्तिहरू आफूलाई शारीरिक भन्दा पनि मानसिक अवस्थाको आधारमा प्रस्तुत गर्न चाहन्छन् जुन कुरा समाजमा  हेला तथा कलंकको दृष्टिकोणले हेर्ने गरिन्छ । Hausman (२००१)का अनुसार ट्रान्सजेण्डर एकातिर आफ्नो भौतिक शरीरमा मन नभएको  र अर्कोतिर मन अनुसारको शरीर नहुँदा त्यस्ता व्यक्तिहरुमा  आफ्नो शरीरप्रति विद्रोहको भाव पैदा भएको पाइन्छ । भने अर्कोतिर ट्रान्सजेण्डरहरुलाई  समाजमा कलंकको रुपमा हेरिने हुँदा आन्तरिक र बाहिरी रुपमा ट्रान्सजेण्डरहरूको समस्या रहेको छ ।

अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा यौनिक तथा लैङ्गिक पहिचानको सम्मान गर्न, रक्षा गर्न, व्यक्तिगत जीवन र सुरक्षाको अधिकारलाई पूर्ण ग्यारेन्टी गरिएको छ (जकार्ता सिद्धान्त २००७) । तर व्यवहारमा अझै पनि पारलैङ्गिक व्यक्तिहरुमाथि विभिन्न हिंसात्मक घटनाहरु भइरहेका छन् । उनीहरू  शिक्षा, स्वास्थ्य, रोजगारजस्ता अवसरबाट वञ्चित हुनुका साथै घरपरिवार तथा समाजमा अपमानित हुनुपरेको बाध्यात्मक अवस्था छ  (निलहिरा समाज २००९) । Sawant (२०१७)का अनुसार भारतमा पहिलोचोटि सन् २०११ मा पारलैङ्गिक व्यक्तिहरूको  अन्य श्रेणीमा  गणना गरिएको थियो । भने सन् २०१४ मा भारतको सर्वोच्च अदालतले पारलैङ्गिक व्यक्तिहरूलाई  कानुनी तवरबाट तेस्रोलिंगीको रुपमा पहिचान प्रदान गरेको थियो । त्यस्तैगरी पाकिस्तानमा पारलैङ्गिक व्यक्तिलाई पहिलो चोटि सन् २०१३ मा पाकिस्तान सर्वोच्च अदालतले अधिकार प्रदान गरेको थियो । सर्वोच्च अदालतले कानूनी व्यवस्था गरे तापनि व्यवहारमा अझै पनि कार्यान्वयन हुनसकेको छैन । Blogs (२०२०)का अनुसार पाकिस्तानमा पारलैङ्गिक व्यक्तिहरु र विशेष गरी पारलैङ्गिक महिलाहरुले उत्पीडन, दुर्व्यवहार,  सार्वजनिक स्वास्थ्य, शिक्षा, रोजगार र सरकारको अन्य संस्थाबाट बहिष्कृत हुनुका साथै समाजबाट पनि दुर्व्यवहार, बहिस्कार र निर्मम हत्याको सामना गर्नुपरेको छ,  तर सन् २०१८ को  पारलैङ्गिक  सहयोग  ऐन नियम पछि विस्तारै केही परिवर्तन भए तापनि  दैनिक जीवन भने नाजुक नै रहेको पाइन्छ । नेपाली समाजमा पारलैंगिक व्यक्तिलाई कलंकको रुपमा हेर्ने भएका कारण अझै पनि ती व्यक्तिहरु बन्द ढोकामा रहन बाध्य पारिएका छन् (Chhetri २०१७) । सन् २००७ मा  नेपालको सर्वोच्च  अदालतले कानूनी रुपमा  केही उदारता देखाउनुका साथै पहिलोचोटि  सन् २०११ सालको जनगणनामा  पारलैंगिक व्यक्तिहरुलाई 'तेस्रोलिङ्गी'को रुपमा गणना गरिएको थियो । सन् २०१२ मा गृहमन्त्रालयले यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिलाई लिंगको महलमा 'अन्य' जनाई नागरिकता प्रदान गर्नका लागि  निर्देशिका जारी गरेको थियो ।  हालका वर्षहरूमा  विश्वका केही राज्यलगायत नेपालमा पनि  पारलैङ्गिकप्रति कानूनी उदारता देख्न सकिन्छ । पहिचानका विभिन्न आन्दोलन मध्ये यौनिक तथा लैङ्गिक अल्पसंख्यक पहिचानको आन्दोलन सन् २००१ पछि नेपालमा पनि स्पष्ट रुपमा देख्न सकिन्छ भने विश्वमाचाहिँ तीन दशकअघि नै भएको पाइन्छ । हरेक व्यक्तिले सम्मानजनक रुपमा बाँच्न पाउने नैसर्गिक अधिकार हो । जुन कुरा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनले व्यवस्था गर्नुका साथै  जकार्ता सिद्धान्त(२००७) मा समेत व्यवस्था गरेको छ । तर पनि विश्वका थुप्रै देशलगायत नेपाली समाजमा समेत लैंगिक अल्पसंख्यक व्यक्तिहरूले सामान्य अधिकारबाट बञ्चित हुनुपरेको अवस्था छ । अर्कातर्फ नेपालमा सन् २०१२ मा गृहमन्त्रालयले यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिलाई लिंगको महलमा 'अन्य' जनाई नागरिकता जारी गर्ने निर्देशिका जारी गरेको थियो,तर परिवर्तित समाजसँगै पारलैङ्गिक अधिकार समूहहरुले (कार्यबर्ष२०७७) यौनिक तथा लैंगिक अल्पसंख्यक  व्यक्तिलाई 'तेस्रोलिङ्गी' वा 'अन्य' लिङ्गी भनी चिन्ह लगाउन बाध्य बनाइएको भन्दै लैङ्गिक पहिचानमा आत्मनिर्णयको अधिकार हुनुपर्छ भनी संयुक्त वक्तव्य पेश गरेका छन् । काठमाडौंभन्दा बाहिर  सुदूरपश्चिम प्रदेश जहाँ राजनीतिक, सामाजिक  र आर्थिक दृष्टिकोणले पछाडि परेको क्षेत्रमा पारलैङ्गिक व्यक्तिहरूले के आफूले चाहेको पहिचानका साथ समाजमा आउन सकेका छन् ?  समाजले उनीहरूप्रति कस्तो व्यवहार गर्दछन् ? आदि प्रश्नको समाधानका लागि ट्रान्सजेंडरहरूको अनुभव  र अवस्था  पत्ता लगाउनु अध्ययनको उद्देश्य  हो । उक्त उद्देश्य पूरा गर्नका लागि दशजना ट्रान्सजेंडरहरुसँग अन्तर्वार्ता गरिएको थियो । कुनै पनि व्यक्तिको पहिचान आत्मसम्मानसँग जोडिएको हुन्छ । व्यक्तिको पहिचानले नै हरेक क्षेत्रमा अन्तरक्रिया गर्ने प्रक्रिया रहेको हुन्छ । ट्रान्सजेंडरहरु समाजका एक अङ्ग  हुन्, तर समाजले

उनीहरुलाई समाजको अंगको रुपमा सम्बन्ध स्थापित गर्न नसक्दा अझैपनि ट्रान्सजेण्डरहरु परम्परावादी सोचका कारण सामान्य अधिकारबाट पनि वञ्चितका साथैआफ्नो वास्तविक पहिचान निर्माण गर्न सकिरहेका छैनन् ।

विधि तथा पद्धति

नेपाली समाजमा ट्रान्सजेंडर व्यक्तिहरुलाई कलंकित व्यक्तिहरूको रुपमा हेरिन्छ । जसले गर्दा ती व्यक्तिहरू अझै पनि समाजमा आफ्नो बास्तविक पहिचानका साथ अगाडि आउन सकिरहेका छैनन् । फलस्वरुप द्वैध पहिचानको अवस्थामा रहेको पाइन्छ । त्यस्तो अवस्थामा समाजबाट बास्तविक तथ्याङ्क, सूचना प्राप्त गर्न कठिनाइ हुने भएकाले अध्ययनका लागि जिल्ला कैलालीको धनगढीमा अवस्थित निलहिरा समाजद्वारा snowball नमुना छनौटको आधारमा सूचना संकलन गरिएको छ । COVID 19 का कारणले उत्तर दाताहरुसँग प्रत्यक्ष भेटघाट गर्न नसकेकाले निलहिरा समाजसँग संलग्न ट्रान्सजेंडर व्यक्तिहरुसँग जूम मीटिंग र केहीसँग टेलिफोनबाट असंरचित प्रश्नावलीद्वारा अन्तर्वार्ता गरियो । जसमा पाँचजना पारलैङ्गिक पुरुष र पाँच जना पारलैङ्गिक महिलासँग गहन अन्तरवार्ता गरिएको थियो । अन्तर्वाता लिने क्रममा सर्वप्रथम उत्तर दाताहरुसँग सुमधुर सम्बन्ध कायम गरी उनीहरुकै सहजता र अनुमतिमा दिनमा एक जनासँग असंरचित प्रश्नावलीको आधारमा अन्तर्वार्ता गरियो । अन्तर्वार्ताको क्रममा उत्तरदाताको अनुमतिमा नै अन्तर्वार्तालाई रेकर्ड गरिएको थियो । यसरी ल्याइएका सूचना तथा तथ्याङ्ककहरुलाई उद्देश्य अनुरुप भाव तथा उपभावमा विभाजन गरी गुणात्मक ढाँचाको आधारमा कथन,बहस,वृतान्त विश्लेषण गरी जसबाट आएका तथ्याङ्कलाई ट्रान्सजेण्डर सैद्धान्तिक दृष्टिकोणबाट सामान्यीकरण गरिएको छ ।

सैद्धान्तिक ढाँचा

ट्रान्सजेंडर सिद्धान्त

Nagoshi र Brzuzy (२०१०)का अनुसार ट्रान्सजेंडर सिद्धान्तले ट्रान्सजेंडर र ट्रान्ससेक्सुअल व्यक्तिको व्यवहार र अनुभवहरू बुझ्ने क्रममा लिङ्गको प्रकृति र लैङ्गिक पहिचानको प्रकृतिमा उभिएको सैद्धान्तिक झुकाव हो। ट्रान्सजेंडर सिद्धान्तले अन्तर्निहित पहिचान भएका व्यक्तिको जीवनको भोगाई र अनुभवहरूको माध्यमबाट पहिचानको स्व (self) र सामाजिक रूपले निर्माण गरिएको पक्षहरू सँग एकीकृत गर्दछ । ट्रान्सजेण्डर सिद्धान्तले लैङ्गिक पहिचान जैविकीय र सामाजिक भन्दा पनि व्यक्तिले आफूले गरेको व्यवहार र अनुभवको आधारमा लैङ्गिक पहिचान निर्माण हुन्छ भन्ने कुरामा जोड दिएको छ । ट्रान्सजेंडर सिद्धान्तले पहिचान निर्माणमा सशक्तिकरणलाई जोड दिएको छ । जसकालागि 'अरुलाई अध्ययन गर्ने' र आफ्ना कथन तथा भनाईहरु व्याख्या गर्ने, जसले गर्दा आफूमा दबाइएका भावनाहरु लाई बाहिर ल्याउने गर्नुपर्छ । यसै सिद्धान्तमा आधारित रहेर ट्रान्सजेंडर व्यक्तिहरूको अनुभवका र व्यवहार यस अध्ययनमा गरिएको छ ।

योगकर्ता सिद्धान्तहरुले अन्तराष्ट्रिय मानव अधिकार, मापदण्ड र यौन अभिमुखीकरण र लैङ्गिक पहिचानका मुद्दाहरूको लागि उनीहरूको आवेदनको एक बिस्तृत श्रृङखलालाई सम्बोधन गर्दछ । योगकर्ता सिद्धान्तहरूको परिभाषा (२००७) अनुसार लैङ्गिक पहिचान प्रत्येक व्यक्तिको गहिरो महसुस गरिएको आन्तरिक र व्यक्तिगत अनुभवको रुपमा लैङ्गिकता बुझिन्छ जुन व्यक्तिगत जन्म सहित जन्ममा तोकिएको लिङ्गसँग सम्वन्धित हुन सक्छ वा सक्दैन । तर यस्तो पहिचानले हाम्रो समाजले सजिलै अपनाउन वा बुझ्न सकेको छ कि छैन भन्ने कुरा अगाडि आउँछ । नेपालको संविधान २०७२ मा यौनिक तथा लैंगिक अल्पसंख्यकका सम्बन्धमा धारा १२ मा व्यक्तिहरुले इच्छाइएको लिङ्गअनुसार नागरिकता प्राप्त गर्ने, धारा १८ मा समानताको अधिकारलाई समेट्दै लैङ्गिक तथा अन्य कुनैपनि परिस्थितिका आधारमा भेदभाव गरिने छैन, धारा १८ ले यौनिक तथा लैंगिक अल्पसंख्यक मानिसहरूलाई बन्चित समूहमा सूचीकृत गरी संविधानले मान्यता दिने व्यवस्था गरेको छ

। उनीहरूको समस्यालाई सम्बोधन गर्दै केही कानुन निर्माण भए । तर के कानुन निर्माण बमोजिन आफ्ना हक तथा अधिकार लिन सफल भएका छन् त सुदूरपश्चिमका ट्रान्सजेंडर   हरुले भन्ने प्रश्नको उत्तर यस अध्ययनले  खोजेको छ।

निलहिरा समाजका (२०६६) अनुसार यौनिक तथा लैंगिक अल्पसंख्यक (LGBTIQ+) मानिसहरु नेपालमा सबैभन्दा सिमान्तकृत छन् । तिनीहरू निरन्तर सामाजिक बहिष्कार, गम्भीर विभेद र निजि तथा सार्वजनिक क्षेत्रहरुमा हिंसाको सामना गरिरहेका छन् । समाजमा  हेटेरोनर्मेटिभ लैङ्गिक भुमिका सामाजिक मूल्यमा गहिरो जरा गाडेर रहेको छ, धेरै कम यौनिक तथा लैंगिक अल्पसंख्यक मानिसहरूलाई तिनीहरूको परिवारबाट स्वीकृतिमा समस्या आएको छ भने धेरैजसो ट्रान्सजेण्डर लाई उनीहरूको परिवारको साथ पाइएको छैन । फलस्वरुप उनीहरुले आत्महत्याको बाटो रोजेको पाइन्छ। सन् २००१ पछि एसियामा LGBTIQ+ को अधिकारको आन्दोलन भएको थियो । फलस्वरूप नेपालमा पनि सुनिलबाबु पन्त को अध्यक्षतामा तथा अल्पसंख्यकहरूको हकहितका लागि नीलहिरा समाजको काठमाडौंमा  र साथै काठमाडौभन्दा बाहिरका जिल्लाहरुमा पनि स्थापना  गरिएको  छन् ।विगत तीन  दशकदेखि विश्वका धेरै देशहरुमा यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिसम्बन्धी मुद्दाहरू अगाडि आएको पाइन्छ । Adamczy (२०१८)का अनुसार वर्तमान समयमा अमेरिकालगायत अन्य धेरै देशहरुमा यस्ता  मुद्दामा सकारात्मक परिवर्तन आएको देखिन्छ ।  जसमा बिभिन्न राज्यले यौनिक तथा लैंगिक अल्पसंख्यक सम्बन्धी मनोवृत्तिका साथै  नीति नियम तथा कानूनमा उदारता, अधिकारका साथै बाँसस्थान र  समलिङ्गी विवाहको अवस्थामा परिवर्तन देख्न सकिन्छ । जसमा मिडियाको उत्प्रेरक भूमिका रहेको छ  । इन्टरनेशनल कमिसन अफ जुरिष्ट (२००९) १९ औं शताब्दी अन्तको दौरानमा वैज्ञानिक आधारमा समलैङ्गिकताको दमन पुष्टि गर्ने सिद्धान्तको विपक्षमा वैज्ञानिक धारबाट विभिन्न दृष्टिकोणहरूको विकास भयो जसले विश्वभरि नै फरक लैङ्गिक अभिमुखीकरण 'रोग' होइन भन्ने मान्यताको विस्तारै विकास भयो । सन् १९८७ देखि अमेरिका जापान रुस तथा चीनका साथै विश्व स्वास्थ्य संघले सन् १९९२ देखि समलैङ्गिकतालाई रोगको अन्तर्राष्ट्रिय वर्गीकरण तथा स्वास्थ्य समस्यासँग सम्बन्धित (ICD-10) बाट हटाइयो । यसै सन्दर्भमा कोलम्बियाको संवैधानिक अदालतले "समलैङ्गिकता  रोग होइन, न त यो कुनै हानिकारक व्यवहार हो; जसअन्तर्गत फरक मानवीय लैङ्गिक अभिमुखीकरण पर्दछन। त्यसकारण, यो रोग हो अथवा एउटा असमान्य अवस्था हो जसलाई उपचार गरेर मात्र निको पार्न सकिन्छ भन्ने परम्परागत दृष्टिकोण समकालीन बहुलवादी समाजमा स्वीकार्य हुनसक्दैन" । युएनडिपी, युएसएड (२०१४) को रिपोर्टअनुसार नेपालमा विविध लैङ्गिक र यौन अभिमुखि भएका व्यक्तिहरुको उपस्थिति शताब्दीयौं देखि देखिन्छ र यो प्राचिन धार्मिक ग्रन्थहरुमा रेकर्ड गरिएको पाइन्छ । डिसेम्वर २००७ मा गरेको फैसलाले भेदभाव, समलिङ्गी विवाह र ट्रान्सजेन्डर व्यक्तिको स्पष्ट मान्यता दिएर यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिहरूको  मानव अधिकारलाई संरक्षण गरेको पाइन्छ । यस रिपोर्टले सन् २००० को सुरुवात भन्दा पहिले यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिहरूको  जीवन र इतिहासबारे अनुसन्धानको अभाव रहेको देखाउँछ ।

दि टाइम्स अफ इन्डिया(२०१७) भारतमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरुका अधिकारहरु हालैका वर्षहरुमा विकसित भएका छन्। सन् १९१८मा समलिङ्गीय यौन गतिविधि वैधानिकरण सुरु भयो र आफ्नो औपनिवेशिक युगका कानुनहरु खारेज गर्यो जसले समलिङ्गी र ट्रान्सजेण्ड  पहिचानको विरुद्ध प्रत्यक्ष भेदभाव गर्दथ्यो । यौन झुकाव र लैंगिक आधारमा भेदभाव रोक्न संविधानका धारा १५ मा स्पष्ट रुपमा व्याख्या गरेको छ । तर पहिचानको साथसाथै समलिंगी विवाहलाई कानूनी सुरक्षा प्रदान गरिएको छैन।

विगत तीन  दशकदेखि विश्वका धेरै देशहरुमा यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिसम्बन्धी मुद्दाहरू अगाडि आएको पाइन्छ । Adamczy (२०१८)का अनुसार वर्तमान समयमा अमेरिकालगायत अन्य धेरै देशहरुमा  यस्ता  मुद्दामा सकारात्मक परिवर्तन आएको देखिन्छ ।  जसमा बिभिन्न राज्यले यौनिक तथा लैंगिक अल्पसंख्यक सम्बन्धी मनोवृत्तिका साथै  नीति नियम तथा कानूनमा उदारता, अधिकारका साथै बाँसस्थान र  समलिङ्गी विवाहको अवस्थामा परिवर्तन देख्न सकिन्छ ।

जसमा मिडियाको उत्प्रेरक भूमिका रहेको छ। नेपालको सन्दर्भमा पनि कानुनी रुपमा हेर्ने हो भने केही उदारता पाइन्छ। तर व्यवहारमा अझै  सहजता छैन। नेपालमा ट्रान्सजेंडर लाई नेपाल सरकार कानुनले 'प्राकृतिक' रुपमा घोषणा गरेपनि नेपाली समाज, घरपरिवार बाट अस्वीकार ,भेदभाव,  बहिष्कृत तथा आफ्नो परिवारको प्रतिष्ठा बचाउनका लागि घर छोड्न बाध्य भएका छन् (क्षेत्री२०१७)।

नतिजाहरु

उत्तरदाताहरूको परिचय

उत्तरदाताहरूको सामान्य परिचय यसप्रकार रहेको छ

| क्र. सं. | उमेर | शिक्षा | जातजाति | पेशा | बसोबास (हालको\ अस्थायी) | वैवाहिक स्थिति | लिङ्ग |
|---|---|---|---|---|---|---|---|
| १ | ३० | +२ | जनजाति | रोजगार( निलहिरा समाज) | धनगढी, कैलाली | विवाहित (समलिङ्गी) | ट्रान्सजेन्डर महिला |
| २ | ५० | अशिक्षित | जनजाति | बेरोजगार | धनगढी, कैलाली | अविवाहित | ट्रान्सजेन्डर महिला |
| ३ | २० | ९ | दलित | बेरोजगार | सुखड, कैलाली | विवाहित (समलिङ्गी) | ट्रान्सजेन्डरपुरुष |
| ४ | २५ | बि ए | ठकुरी | रोजगार ( निलहिरा समाज) | बिरगंज | अविवाहित | ट्रान्सजेन्डर महिला |
| ५ | २० | बि ए | जनजाति | रोजगार( निलहिरा समाज) | धनगढी, कैलाली | अविवाहित | ट्रान्सजेन्डर महिला |
| ६ | २६ | +२ | जनजाति | बेरोजगार | फुलबारी, कैलाली | अविवाहित | ट्रान्सजेन्डर पुरुष |
| ७ | २८ | बि ए | जनजाति | रोजगार( निलहिरा | धनगढी, कैलाली | अविवाहित | ट्रान्सजेन्डर पुरुष |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | समाज) | | | |
| ८ | ३० | एसएलसी | जनजाति | किराना पसल | धनगढी, कैलाली | अविवाहित | ट्रान्सजेन्डर पुरुष |
| ९ | ४४ | ५ | बाहुन | स्वयंसेवक (निलहिरा समाज) | धनगढी, कैलाली | विवाहित (विपरित लिङ्गी) | ट्रान्सजेन्डर महिला |
| १० | २५ | ८ | क्षेत्री | बेरोजगार | कञ्चनपुर, महाकाली | अविवाहित | ट्रान्सजेन्डर पुरुष |

उपर्युक्त तालिकाबाट के बुझ्न सकिन्छ भने धैरै ट्रान्सजेन्डरहरु शिक्षित नै पाइयो, तर स्नातकोत्तर स्तरसम्म एकजना पनि पुग्न सकेको पाइएन, त्यस्तै गरेर जनजातिको तुलनामा  बाहुन क्षेत्री ट्रान्सजेन्डरहरु समाजमा खुल्न नसकेको देखिन्छ। सबै उत्तरदाताहरु  आफ्नो स्थायी बसोबास भन्दाबाहिर बस्नुका साथै नीलहीरा समाजमा संलग्न रहेको पाइयो । दशजना ट्रान्सजेन्डरहरुहरु मध्ये तीनजना विवाहित जसमा एकजना विपरित लिङ्गीसँग र  दुईजनाले समलिङ्गीसँग प्रेम विवाह गरेको पाइयो। सबै उत्तर दाताहरुले आफूले  आफूलाई ट्रान्सजेन्डरको रुपमा पहिचान गरेको पाइयो।

उत्तरदाताहरुको लैङ्गिक पहिचान र यौन अभिमुखीकरण

ट्रान्सजेंडर  महिला र ट्रान्सजेंडर पुरुष

यस अध्ययनमा ट्रान्सजेंडरलाई ट्रान्सजेन्डर पुरुष र ट्रान्सजेंडर महिलाको स्वरुपमा पाइएको छ। ट्रान्सजेन्डर पुरुष ती हुन् जो शारीरिक रुपमा महिला तर मानसिक रुपमा पुरुष हुनुका साथै उनीहरूको व्यवहार, गर्ने क्रियाकलाप, गतिविधि आदि सम्भाव्यतः पुरुषको रूपमा पाइयो । त्यसैगरी ट्रान्सजेन्डर महिलाको अर्थ शारीरिक रूपमा पुरुष  तर उनीहरूको व्यवहार, भावना, गतिविधि सम्भवतः महिलाको अथवा शारीरिक रूपमा पुरुष तर मानसिक रूपमा महिलाको रूपमा पाइयो । उत्तरदाताका अनुसार उनीहरूको शरीर र अनुभूति एक अर्काको विपरित हुन्छ  तसर्थ महिला भावना भएका पुरुष र पुरुष भावना भएका महिला हुने भएकाले  हामी आफूलाई  ट्रान्सजेंडर भन्दछौं भन्ने कुरा बताएका छन्। ट्रान्सजेंडरहरुले केवल आफ्नो लैङ्गिक भूमिका मात्र  परिवर्तन गरेको तर सम्भव भएसम्म आफ्नो यौनिक  अङ्ग पनि भविष्यमा परिवर्तन गर्ने इच्छा व्यक्त गरेको पाइयो । यस्तो खालको नतिजा जो नीलहीरा समाजमा आवद्ध भई रोजगार गर्दछ ती व्यक्तिहरुबाट पाइयो भने अर्कोतिर भर्खरै निलहिरा समाजमा  सम्पर्कमा  आएका व्यक्तिहरूका अनुसार आफूलाई ट्रान्सजेन्डर अथवा पारलैङ्गिकको बारेमा केही पनि थाहा नभएको र  आफू शारीरिक र मानसिक रुपमा मेल नहुने हुँदा शारीरिक भन्दा पनि मानसिक रुपमा आफ्नो लैङ्गिक पहिचान प्रस्तुत गर्ने बताए । लैङ्गिक पहिचान र यौनिक अभिमुखीकरणको सम्बन्धमा उनीहरूको दृष्टिकोणबाट आफूलाई विषमलैंगिक भन्न रुचाएको पाइयो। यससम्बन्धमा उनीहरुले भनाइ यस प्रकार रहेको छः

“हामी  समाजको दृष्टिमा र आफ्नो दृष्टिमा फरक छौं। समाजले हामीलाई शारिरिक बनावटको आधारमा व्यवहार गर्दछ, तर हामी त्यो व्यवहारमा  सहजता महसुस गर्दैनौं। म शारीरिकरुपमा महिला भएपनि आफूलाई पुरुष अनुभव गर्छु र महिला प्रति आकर्षित हुन्छु, त्यसकारणले म विषमलैंगिक हो तर समाजको  आँखामा  समलिङ्गी हो। हामीलाई कसले बुझ्दछ र ! ”

\- ट्रान्सजेन्डर पुरुष(२७)

"म जन्मदा पुरुषभएपनि मलाई पुरुषको भावना कहिले पनि आएन, म बच्चैदेखि आफूलाई महिलाको अनुभव गर्दथे र महिलाकै व्यवहार र क्रियाकलाप गर्न मन पराउँथे। कहिलेकाहीँ दिदीको फरिया,आमाको मेकअपका सामानहरु प्रयोग गरेर घरको काम गर्थें। म आफूलाई महिला ठान्दछु र पुरुषलाई मन पराउँछु र पुरुषसँग विवाह गर्न चाहन्छु "।

-ट्रान्सजेंडर महिला (२२)

"खै मेडम के भनम, आफ्नो लैंगिकताको बारेमा यस्तै छ मेरो जिन्दगी दोधारमा बाँचेको छु। जन्मजात त म छोरा हो तर मेरो बानी व्यवहार छोरीको जस्तो छ र मलाई छोरीले गर्ने काम गर्न मन पर्ने। तर मेरो परिवारलाई मन पर्दैनथ्यो , म आफ्ना इच्छाहरु दबाएर राख्ने गर्दथे, भनम भने कसलाई भन्ने बुझ्ने कोही थिएन। म १७ बर्षको थिएँ, मेरो जबर्जस्ती बिहे गरिदिनुभयो र बच्चा पनि भयो, तर म खुशी रहन सकेन। म सधै आफूलाई एक्लो अनुभव गर्दथे। बिहे गरेको तीन वर्षपछि म एक्लै धनगढी आएँ र होटल व्यवसाय गर्न थालेँ। यसै क्रममा मैले एकजना साथीबाट नील हिरा समाजको बारेमा थाहा पाएँ र एक दिन त्यहाँ गएँ। अनिमात्र मलाई आफ्नो लैंगिक पहिचानको बारेमा थाहा भयो र म जस्ता थुप्रै साथीहरु भेटिए। निकै नै खुसी भएँ र सोचेँ म मात्र एक्लो रहेनछु यो संसारमा। त्यसपछि मैले आफुलाई ट्रान्सजेंडर महिला भन्न थालेँ र महिलाकै रूपमा नीलहीरा समाजमा स्वयंसेवक भएर काम गरेँ। यसैक्रममा मैले आफूले चाहेको साथी पनि भेटेँ। केही समय मैले आफूले चाहेको जिन्दगी यापन गरेँ तर हाल फेरि परिवार र समाजले चाहिएको जिवनयापन गर्दैछु, यो मेरो बाध्यता हो"।

-ट्रान्सजेंडर महिला (४४)

लैङ्गिक पहिचानको सन्दर्भमा धैरैजसो ट्रान्सजेंडरहरुले नीलहीरा समाजमा आबद्ध भइसकेपछि मात्र आफ्नो पहिचानको बारेमा थाहा भएको र साथै त्यसपछि मात्र आफूलाई ट्रान्सजेंडको रुपमा पहिचान गरी केहीले आफूले चाहेको जीवन यापन गरेको पाइन्छ। उनीहरुले आफ्नो यौनिकतालाई शरीरभन्दा पनि मनको इच्छा अनुसार प्रस्तुत गरेको पाइन्छ। समाजको दृष्टिकोणले समलिङ्गी देखिएतापनि उनीहरुले आफूलाई मानसिकरूपले विपरीत लिंगीको रुपमा यौनिकता लाई व्याख्या गरेका छन्। तसर्थ उनीहरुले आफूलाई लैङ्गिक पहिचानमा ट्रान्सजेंडर र यौनिकता पहिचानमा विपरीत लिंगीको रुपमा प्रस्तुत गर्न चाहन्छन्।

लैङ्गिक भूमिका र अनुभव

ट्रान्सजेन्डर पुरुष र ट्रान्सजेन्डर महिला

उत्तर दाताहरूको लैङ्गिक भूमिका र अनुभव बुझ्दा केही उत्तर दाताहरूको द्वैध भूमिका रहेको जसमा घरसमाजमा शारीरिक रुपअनुसार र घरसमाजभन्दा बाहिर मानसिक रुपअनुसार लैंगिक भूमिका निर्वाह गरेको पाइयो। तर केही व्यक्तिहरु जो नीलहीरा समाजमा प्रत्यक्ष रुपमा संलग्न छन् ती व्यक्तिहरुले भने शारीरिक भन्दापनि मानसिक भावना अनुसारको लैंगिक भूमिका निर्वाह गर्दै आएको पाइयो। ट्रान्सजेंडर महिला र ट्रान्सजेंडर पुरुष बीचको भूमिका र अनुभव फरक रहेको पाइयो। ट्रान्सजेंडर पुरुषको भूमिका बुझ्दा उनीहरु घरभित्र भन्दा घरबाहिरको काम गर्न मन पराउने, आमा भन्दा बुवालाई सघाउन मनपर्ने, दाजुभाइकोको पहिरन लगाउन मन पर्ने,कपाल छोटो पार्ने, बोल्दा कडा भएर बोल्ने ,खेल खेल्न मनपराउने आदिका साथै ट्रान्सजेंडर पुरुष हरूसँग अन्तर्वार्ता लिँदा उनीहरूले पुरुषको रूपमा प्रस्तुत गरेका थिए। तिनीहरूको हाउभाउ, व्यवहार, अनुहारको अभिव्यक्ति, पोशाक, कुरा गर्ने शैली पूर्णतया पुरुषहरूसँग मिल्दोजुल्दो थियो, जुन समाजले पुरुषलाईअपेक्षा गरे अनुरुप व्यवहार पाइयो।केही ट्रान्सजेंडर पुरुषहरूको अनुभव यस प्रकार छ :

"म सँधै भाइको लुगा लगाउँथें र केटीहरूले गर्ने काम गर्न मन पर्दैनथ्यो र केटीहरूले लगाउने लुगा मलाई होस भएदेखि कहिल्यै लगाएन । स्कूल जाँदा पाइन्ट नै लगाएर जान्थे र स्कर्ट ब्यागमा राखेर जान्थें अनि स्कुल पुग्ने बेला लगाउँथे, जब स्कूल बिदा हुन्थ्यो तब स्कर्ट फुकालेर काँधमा झुन्ड्याएर घर फर्किन्थे । एसएलसीसम्म जसै तसै पढे तर क्याम्पस पढ्दा निकै असहजता भयो । केटीको लुगा लगाएर पढ्न जानुभन्दा बरु म पढ्न नै छोडी दिन्छु भनेर पढाइ छोडी दिए । मेरो व्यवहार, स्वभाव केटाको जस्तो छ। म बुबालाई उहाँको काममा सहयोग गर्थें, फुटबल खेल्न जान्थें र मैले खेत जोत्नु पनि चाहेको थिएँ तर परिवारका सदस्यहरूले अनुमति दिएनन् । किनकि महिलाले खेत जोते भने खडेरी पर्छ भन्ने विश्वासले । मैले पछि ड्र्याक्टर चलाउन पनि सिकें"।

- ट्रान्सजेन्डर पुरुष(30)

अर्का उत्तरदाताको भनाइ:

"बाल्यकालदेखि नै मलाई महिला काममा कुनै चासो थिएन।म पुरुष ले गर्ने काम गर्न मन पराउँथे।एकदिन मैले ठुलो काठको मुडा जंगलबाट काँधमा राखेर घर ल्याएको थिएँ, त्यो देखेर मलाई सबैजनाले 'स्याबास' ! यो त छोरी होइन छोरा हो भनेर प्रशंसा गरेका थिए, त्यो बेला म निकै खुसी भएँ,मलाई छोराको रुपमा हेरियो भनेर । बलियो काम गर्दा त प्रशंसा पाइन्छ तर जब चाडपर्व आउँछ त्यसमा पनि भाइटीकाको दिन मबाट भाइहरुलाई जबर्जस्ती टीका लगाउन लगाइन्छ अनि साह्रै चित्त दुख्छ । म चाहन्थें मलाई टीका लगाई देओस् दिदीबहिनीले, तर कहिल्यै पुरा भएन" ।

- ट्रान्सजेन्डर पुरुष(28)

अर्को भनाई

"मैले सधैं पुरुषले गर्ने काम नै गर्दै आएँ र गर्दै पनि छु । कमाएर घर परिवारलाई दिँदा खुसी पनि छन् । छिमेकीले पनि प्रशंसा गर्छन् कमाएर ल्याउछ भनेर, तर कहिलेकाहीं कुरा पनि काट्ने गर्छन् । अहिले आएर समस्या भइरहेको छ। बिहे गर्ने उमेर भयो, आफ्नो पहिरन परिवर्तन गर भनेर परिवारले दबाब दिइरहेका छन् । आफूलाई भने दुलाहाको पहिरनमा बाजा बजाएर दुलही भित्र्याउने रहर छ" ।

- ट्रान्सजेन्डर पुरुष(२७)

ट्रान्सजेंडर पुरुषको भूमिकालाई हेर्दा विपरीत लिङ्गको व्यवहारलाई प्रशंसा रुपमा हेरेको पाइन्छ । तर जब विवाहको उमेर हुन्छ, त्यसपछि विपरीत लिंगीको भूमिकाबाट बन्चित गराउन बाध्य गराइएको पाइन्छ । कतिपय ट्रान्सजेंडर पुरुषहरुले उनीहरूको बानी, व्यवहार र हाउभाउका कारण स्कुल नै छोड्नु परेको बताएका छन् । तर ट्रान्सजेंडर महिलाको हकमा उनीहरूको भूमिका बुझ्दा सानैदेखि घर भित्रको काम गर्न मन लाग्ने,आमा, दिदीहरुलाई सघाउन मन पर्ने, सानैदेखि महिलाको लुगा लगाउन मनपर्ने, मेकअप गरेर नाच्न मन पर्ने ,लजालु स्वभाव देखाउन मनपर्ने, केटी साथीहरुसँग गुडिया खेल्न मनपर्ने बताए । तर धेरैजसोले घर परिवारमा भने आफूले चाहेको लैङ्गिक भूमिकामा प्रस्तुत हुन नपाएको बताए भने केहीले नीलहीरा समाजमा आवद्ध भइसकेपछि आफूले चाहेको पहिरन र लैंगिक भूमिका निर्वाह गर्दै आएको बताए । उनीहरु महिलाकै पहिरन लगाउने,ब्यूटीपार्लरमा जाने गरेको पाइयो । अन्तर्वार्ताको क्रममा ट्रान्सजेंडर महिलाहरुले अन्तर्वार्ता दिँदा महिला पहिरन, लजालु स्वभाव, बिस्तारै बोल्ने,लामो कपाल भएको,कानमा रिङ लगाएको पाइयो । केही ट्रान्सजेंडर महिलाहरूको भूमिका र अनुभव यसप्रकार छ :

"बाल्यकालदेखि नै मलाई छोरीले गर्ने काम गर्न मन पर्थ्यो, मलाई कस्मेटिक सामान लगाउन, घरेलु कामहरू गर्न जस्तै खाना पकाउने, भाँडा माझ्ने र घर सफा गर्न मन पर्थ्यो। मैले मेरी आमालाई घरको काम गर्न सहयोग गर्थे । म,सानो छँदा

दिदीको लुगा लगाई,मेकअप गरी प्रायःजसो ऐनामा अगाडि उभिएर जब मैले आफूलाई हेर्थें म आफैंलाई छोरी भएको महसुस गर्थें मन मनै निकै खुशी हुन्थें, तर त्यो रूपमा कहिल्यै पनि प्रस्तुत हुन पाएन । घरको काम गर्दा आमा दिदी खुसी हुनुहुन्थ्यो, काम सघायो भनेर । मनमनै सोच्ने गर्थें यो संसारमा म मात्रै एक्लै छु । मेरो मनको भावना कसले बुझिदिने,अरुलाई भनेपनि कसले पत्याउने जस्तो लाग्थ्यो र कसैलाई पनि भन्दैन थिएँ । जब साथीद्वारा नीलहीरा समाजमा आएँ, आफूजस्तै धेरैलाई भेट्दा निकै नै खुसी भएँ म मात्र एक्लो रहेनछु म जस्तो धेरै रहेछ भन्ने महसुस भयो । नीलहीरा समाजमा संलग्न भएपछि आफूले चाहेको भूमिका निर्वाह गर्दै आएको छु" ।

-ट्रान्सजेंडर महिला (२०)

"म सानैदेखि शान्त र लजालु स्वभावको थिएँ । धेरै बोल्दैनथे । घरको काम गर्न मन लाग्थ्यो, र कहिलेकाहीँ ममी दिदी लाई सघाउँछथे । म बीचको सन्तान भएको कारणले मलाई सबैले माया गर्नुहुन्थ्यो । म पढाइमा पनि राम्रो थिएँ । मेरो व्यवहार, हाउभाउ, बानी छोरीको जस्तो थियो र हजुरआमाले मलाई नातिनी पनि भन्ने गर्नुहुन्थ्यो । मलाई कपडामा कुनै पनि समस्या भएन । प्लस टु पढ्ने बेलासम्म केटाको पहिरनमा नै पढें । म पहिलेदेखि रेडियो सुन्ने गर्थे, त्यसमा पहिचान कार्यक्रम सुन्ने गर्थे र अलिअलिआफ्नो बारेमा थाहा पाएको थिएँ । जब म प्लस टु सकेर धनगढी आएँ,अनि निलहिरा समाजमा आबद्ध भए । आफ्नो बारेमा सम्पूर्ण जानकारी भैसके पछि महिलाको पहिरनमा समाजमा प्रस्तुत भएँ । मेरो परिवारले पनि मलाई छोरीको रुपमा स्विकार्नु भएको छ र मलाई सबैजनाले धेरै माया गर्नुहुन्छ । मलाई लाग्छ म संसारकै भाग्यमानी हो" ।

-ट्रान्सजेंडर महिला (२५)

"म अझै पनि आफूले चाहेको लैङ्गिक भूमिकामा प्रस्तुत हुन सकेको छैन । एकातिर म छु भने अर्कोतिर मेरो परिवार समाज छ । समाजमा अझैपनि आफूलाई चिनाउन सकेको छैन । घरपरिवारमा भोलि नराम्रो असर पर्न सक्छ भनेर मैले आफूले चाहेको लैङ्गिकतालाई दबाएर राखेको छु । बीचमा केही समय मैले आफूले चाहेको भूमिका निर्वाह गर्न पाएँ, तर हाल घर परिवारमा छोरा, श्रीमान र बुवाको भूमिका निर्वाह गर्दैछु"।

-ट्रान्सजेंडर महिला (४४)

उत्तरदाताको लैङ्गिक भूमिका र अनुभव बुझ्दा व्यक्ति विशेष फरक-फरक पाइयो । केहीले आफूले चाहेको लैङ्गिक भूमिकामा प्रस्तुत भएको पाइयो भने धेरैजसोले अझैपनि आफ्नो इच्छा भन्दा पनि परिवार समाजले चाहेको भूमिकामा प्रस्तुत हुन बाध्य भएको पाइयो । तुलनात्मकरुपमा ट्रान्सजेंडर महिलाहरु ट्रान्सजेंडर पुरुषभन्दा समाज परिवारमा सहजै आफूले चाहेको भूमिकामा आउन नसकेको पाइयो, तर ट्रान्सजेंडर पुरुषलाई पनि पूर्णरूपमा सहज भएको पाइएन ।

सामाजिक अवस्था

ट्रान्सजेण्डर र परिवार तथा नातेदारबीचको सम्बन्ध

ट्रान्सजेंडरहरूको सामाजिक अवस्था बुझ्दा उनीहरु परिवार नातेदार समुदाय हरुको बीचमा केही ट्रान्सजेंडर थोरै मात्रामा मात्र खुल्न सकेका छन्, भने धेरै मात्रामा अझैपनि वास्तविक पहिचान खुलाउन सकेका छैनन् । परिवार, नातेदार र छिमेकी हरुबीच ट्रान्सजेंडर हरूको व्यवहार, हाउभाउ विपरीत लिंगीको भएपनि ,उनीहरूको भित्री भावना तथा मनोवृत्ति केहीका परिवारले मात्र बुझेको तर धेरैका परिवारले बुझेपनि समाजको डरले परिवारको इज्जत जान्छ भन्नेजस्ता मनोभावले गर्दा

ट्रान्सजेंडरहरु स्वतन्त्ररुपले परिवार तथा समाजमा  खुल्न सकेका छैनन्, र आफ्ना इच्छाहरुलाई दबाएर राखेको पाइन्छ। सुदूरपश्चिममा जनजातिको तुलनामा  बाहुन क्षेत्री परिवारमाअझैपनि आफ्नो वास्तविक पहिचानका साथ समाजमा प्रस्तुत हुन सकेका छैनन् ।  परिवारभित्र विपरीत लिंगीको हाउभाउ, व्यवहार भएतापनि उनीहरुलाई त्यो व्यवहार, हाउभाउ खुला समाजमा नदेखाउन बाध्य पारिएको पाइयो,  भने अर्कोतर्फ विपरीत लिङ्गी कै हाउभाउ तथा व्यवहारका कारण  सार्वजनिक ठाउँहरूमा अपमानित हुनुपरेको उत्तरदाताहरुले बताएका छन् । जनजाति भन्दा बाहुनक्षेत्री परिवारमा अझैपनि ट्रान्सजेंडरहरु द्वैध पहिचानका साथ रहन बाध्य भएको पाइयो । ट्रान्सजेंडर महिला र ट्रान्सजेंडर पुरुषको सन्दर्भमा ट्रान्सजेंडर पुरुषहरु र घरपरिवार तथा  नातेदार बीचको सम्बन्धमा असहजताको वातावरण पाइयो ।

शिक्षा र रोजगार

शिक्षाको सन्दर्भमा भन्नुपर्दा उत्तरदाताहरूको भनाइअनुसार शैक्षिक वातावरण  सहजता नभएको पाइयो । विपरीत लिंगीको व्यवहार र प्रस्तुति कै कारण आफू एक्लो अनुभव गर्नु, साथीहरुले अपशब्द बोल्नु,  साथै शिक्षकको व्यवहारमा पनि सहजता नहुनु जस्ता कारणले केहीले बीचमै पढाइ छोडेको भने केहीले स्नातकसम्म पुग्दा विभिन्न कठिनाइका बाबजुद पढ्नुपरेको बताएका छन्, भने थोरैले मात्र सहज वातावरणको अनुभूति गरेको पाइयो । साथसाथै  शिक्षकले  कक्षाकोठामा यौनिकताको बारेमा पढाउँदा पनि खुलेर स्पष्टरुपमा नपढाएको  बताएका छन् । हालसम्म एकजना पनि स्नातकोत्तरसम्म अध्ययन गरेको पाइएन । यति सम्मकी आफ्नो वास्तविक पहिचानका साथ पढ्न जाँदा क्याम्पस प्रमुखले तपाईंहरु जस्ता विद्यार्थीले  हाम्रो क्याम्पसमा नराम्रो असर गर्न सक्छ तसर्थ वास्तविक पहिचानका साथ  क्याम्पसमा नआउन आग्रह गर्नुभयो । त्यो कारणले आफूले बीचमै पढाई छोडेको बताउनुभएको छ ।

उत्तरदाताहरूको  रोजगारीको अवस्था हेर्दा धेरैजसो बेरोजगार र केही नीलहीरा समाजमा नै रोजगारी गरेको पाइयो । धेरैजसो बेरोजगार हुनुको कारण विपरीत लिङ्गी व्यवहार र भूमिका बताएका छन् । कतिपयले त गरिरहेको रोजगारबाट विपरीत लिङ्गी कै हाउभाउ र व्यवहारका कारण आफू कामबाट निकालिएको बताएका छन्, भने कतिपयले  व्यवहार र पहिरनका कारणले नै रोजगार छनोटमा नपरेको बताउनुका साथै नागरिकता र लैंगिक प्रस्तुतिमा  मेल नखाएका कारणले रोजगारमा प्रवेश  गर्न नै असहजता भएको बताए । रोजगारी कै सिलसिलामा उनीहरुलाई विपरीतलिङ्गीको व्यवहार र प्रस्तुति नगरेमा मात्र रोजगार पाउने  अवस्था रहेको उत्तरदाताहरुले बताएका छन्  तर “यस्तो अवस्थामा काम गरेर खानु भन्दा नखाएर नै मर्नु बेश” भन्ने भनाइ उनीहरूको पाइयो ।

सामाजिक कार्यमा संलग्नता

ट्रान्सजेंडरहरूलाई सामाजिक कार्यमा खासै सामेल  गरेको र गराइएको पाइएन । सामाजिक व्यवहार सम्बन्धमा ट्रान्सजेंडरहरूलाई समुदायको हेर्ने दृष्टिकोण तुलनात्मक रुपमा केही  मात्रामा परिवर्तन भएपनि सामाजिक कार्यमा उनीहरूको भूमिका रहेको पाइएन । धेरैजसो ट्रान्सजेंडरहरू  घरपरिवारमा नै  सीमित रहेका छन् । सामाजिक भेला, समारोह, छलफल तथा उत्सवमा आफ्नो संलग्नता विपरीत लिंगीको व्यवहारका कारण सार्वजनिक क्षेत्रमा अपमानित हुने डरले संलग्न नरहेको बताए । ट्रान्सजेंडरहरूको  सामाजिक अवस्था हेर्दा व्यक्तिविशेष फरकफरक अबस्था रहेको पाइन्छ । केही कमाउन सक्ने, असमानताको विरुद्ध बोल्न सक्ने र केही ज्ञान सीप भएकाहरूले समाजमा संलग्नता रहेको जो तुलनात्मक रूपमा केही राम्रो र आफूले चाहेको जीवन यापन गरिरहेको पाइयो,भने केही व्यक्तिहरु जात, क्षेत्रका साथै आफूमा ज्ञान सीप भएको तर घरपरिवारको डरले अझैपनि वास्तविक पहिचान लुकाएर बस्न बाध्य भएका छन ।  केही व्यक्तिहरूमा आफ्नो बारेमा सामान्य ज्ञान पनि नहुँदा र समाजको डरले बन्द ढोकाबाट बाहिर आउन नसकिरहेको अवस्थामा आफ्नो शरीर र मन को दोधारमा रहेको पाइयो ।

छलफल तथा विश्लेषण

नेपालको सन्दर्भमा ट्रान्सजेंडरहरूको पहिचान नीलहीरा समाजमा संलग्नता भइसकेपछि मात्र ट्रान्सजेंडरहरूले आफूलाई ट्रान्सजेंडरको रूपमा लैङ्गिक पहिचान  गरेका छन् ।  नीलहीरा समाजमा संलग्नता नभएका र भर्खरैमात्र सम्पर्कमा आएका व्यक्तिहरुमा भने ट्रान्सजेंडरको बारेमा जानकारी नभएको पाइन्छ । यसबाट के बुझ्न सकिन्छ भने हाम्रो समाजमा लैंगिक अल्पसंख्यक तथा यौनिकताको बारेमा सामाजिक  तथा शैक्षिक  प्रणालीमा अझैपनि पर्याप्त ज्ञान समावेश हुनसकेको छैन। यी विषय सम्बन्धी ज्ञानहरुलाई  खुला बहसको रूपमा  नल्याइनुका साथसाथै यौनिकता शिक्षा  लाजको कुरो हो भन्ने व्यवहारमा  देखाउने सन्दर्भले गर्दा प्राय: सबैजसो ट्रान्सजेंडरअन्यौलताको जीवनमा रहन बाध्य भएका छन् ।  ट्रान्सजेण्डर सम्बन्धी पर्याप्त ज्ञान नहुँदा न समाजले नै ट्रान्सजेण्डर हरुलाई उपयुक्त व्यवहार गर्न सकेको छ न त आफैंले आफैंलाई सही ढंगले पहिचान गर्न सकेको छ । यस्तो अवस्थामा उनीहरु दोधारको जीवनयापन गरिरहेका छन् । नेपालमा ट्रान्सजेंडरलाई नेपालको सरकार कानुनले 'प्राकृतिक' रुपमा घोषणा गरेपनि नेपाली समाज, घरपरिवारबाट अस्वीकार ,भेदभाव, बहिष्कृत तथा आफ्नो परिवारको प्रतिष्ठा बचाउनका लागि घर छोड्न बाध्य भएका छन् (क्षेत्री२०१७) । वर्तमान समयमा घर  परिवारको केही साथ र सहयोग भएपनि समाजका विभिन्न क्षेत्रहरुबाट बहिष्कृत हुनुपरेको अवस्था अझै पनि कायम रहेको छ। निलहिरा समाजका (२०६६) अनुसार यौनिक तथा लैंगिक अल्पसंख्यक (LGBTIQ+) मानिसहरु नेपालमा सबैभन्दा सिमान्तकृत छन्। तिनीहरू निरन्तर सामाजिक बहिष्कार, गम्भीर विभेद र निजि तथा सार्वजनिक क्षेत्रहरुमा हिंसाको सामना गरिरहेका छन् । समाजमा  हेटेरोनर्मेटिभ लैङ्गिक भूमिका सामाजिक मूल्यमा गहिरो जरा गाडेर रहेको छ । धेरै कम यौनिक तथा लैंगिक अल्पसंख्यक मानिसहरूलाई तिनीहरूको परिवारबाट स्वीकृतिमा समस्या आएको छैन भने धेरैजसो ट्रान्सजेण्डरलाई उनीहरूको परिवारको साथ पाइएको छैन। फलस्वरुप उनीहरुले आत्महत्याको बाटो रोजेको पाइन्छ। सन् २००१ पछि  नेपालमा LGBTIQ+ को अधिकारको आन्दोलन भएको थियो। फलस्वरूप नेपालमा पनि सुनिलबाबु पन्तको अध्यक्षतामा यौनिक तथा अल्पसंख्यकहरूको हकहितका लागि नीलहिरा समाजको काठमाडौंमा र काठमाडौंभन्दा बाहिरका जिल्लाहरुमा पनि स्थापना गरिएको  थियो । फलस्वरूप नीलहिरा समाज द्वारा नै नेपालमा ट्रान्सजेण्डरहरु बन्द ढोकाबाट बाहिर आउन सक्षम भएको देखिन्छ।

ट्रान्सजेंडर सिद्धान्त (Nagoshi र Brzuzy २०१०) अनुसार  पहिचान निर्माणको क्रममा सशक्तीकरणको माध्यम 'अरुलाई पढ्ने' र आफ्ना भनाईहरु  व्याख्या गर्ने तरिकाबाट उत्पीडनबाट बाहिर आउन सकिने कुरालाई जोड दिएको छ। तर नेपालको सन्दर्भमाअरुलाई पढ्ने, बुझ्ने र आफ्ना भनाई व्याख्या गर्ने भन्दापनि निलहिरा समाजद्वारा ट्रान्सजेंडरहरु सामाजिक, आर्थिक, राजनीतिक र शैक्षिक रूपमा सबल  भई आफ्नो पहिचान निर्माणमा सफल देखिन्छन्। लैङ्गिकता तथा यौनिकताको पहिचान जैविकीय लिङ्ग र सामाजिक रूपमा निर्माण नभएर मानसिक अवस्था, भावना, अनुभव र क्रियाकलाप आदिले निर्धारण गरेको पाइन्छ ।   Lauretis (१९९१) कुयर सिद्धान्त  र ट्रान्सजेंडर सिद्धान्तका Nagoshi र Brzuzy (२०१०) अनुसार लैङ्गिक पहिचान निर्माणमा तरलता हुन्छ,  जुन  भावना, अनुभव, व्यवहार र क्रियाकलापद्वारा निर्भर हुन्छ। यस अध्ययनमा ट्रान्सजेंडरहरुले लैङ्गिकता तथा यौनिकताको पहिचान  जैविकीय लिङ्गको आधारमा नभएर मानसिकता तथा भावनाको अनुभूतिको आधारमा पहिचान प्रस्तुत गरेको पाइन्छ। तसर्थ लैङ्गिक पहिचान व्यवहार तथा अनुभवले महसुस गरी प्रस्तुत गरिने पहिचान हो, जुन कुरा ट्रान्सजेण्डर सिद्धान्त मान्यता  यस अध्ययनबाट आएको तथ्यांकसँग मेल खान जान्छ ।

नेपालमा हालको सन्दर्भमा ट्रान्सजेंडरहरूप्रति हेर्ने दृष्टिकोणका साथै ट्रान्सजेंडरहरूलाई देख्नेबित्तिकै  जुन  अपशब्दले सम्बोधन गरिन्थ्यो त्यो व्यवहार परिवर्तन भएको पाइन्छ । इन्टरनेशनल कमिसन अफ जुरिष्ट (२००९) १९ औं शताब्दी अन्तको दौरानमा वैज्ञानिक आधारमा समलैङ्गिकताको दमन पुष्टि गर्ने सिद्धान्तको विपक्षमा वैज्ञानिक धारबाट विभिन्न दृष्टिकोणहरूको विकास भयो जसले विश्वभरि नै फरक लैङ्गिक अभिमुखीकरण 'रोग' होइन भन्ने मान्यताको विस्तारै विकास भएको थियो । फलस्वरूप विश्वका साथै नेपालमा पनि वर्तमान समयमा ट्रान्सजेण्डरहरुलाई  प्राकृतिकरुपमा कानुनले

व्याख्या गरेको छ। Adamczy (२०१८)का अनुसार वर्तमान समयमा अमेरिकालगायत अन्य धेरै देशहरुमा यस्ता मुद्दामा सकारात्मक परिवर्तन आएको देखिन्छ। जसमा बिभिन्न राज्यले यौनिक तथा लैंगिक अल्पसंख्यक सम्बन्धी मनोवृत्तिका साथै नीतिनियम तथा कानुनमा उदारता, अधिकारका साथै बाँसस्थान र समलिङ्गी विवाहको अवस्थामा परिवर्तन देख्न सकिन्छ, तर Swant(२०१७) Blogs (२०२०) का अनुसार भारत पाकिस्तानमा कानुनीरुपमा उदारता भएपनि व्यवहारमा समाजमा विभिन्न क्षेत्रबाट बहिष्कृत हुनुपरेको अवस्था छ तसर्थ खासै परिवर्तन आउन सकेको छैन । नेपालमा पनि उनीहरूलाई समाजमा हेर्ने दृष्टिकोणमा परिवर्तन पाइन्छ, तर सकारात्मक रुपले स्वीकार गरेको पाइँदैन,किनभने हाम्रो समाजले विपरीत लिंगीको व्यवहार र क्रियाकलापबाट समाज अगाडि बढ्न सक्दैन, वंश बढ्दैन र वंशविनाश हुन्छ भन्नेजस्ता मनोवृत्तिले गर्दा सोचाइको दायरा फराकिलो बनाउन नसक्दा ट्रान्सजेंडरहरूसमाजमा स्वीकार हुन नसकेको अवस्था छ। पन्त(२००५) लैङ्गिक अल्पसंख्यकहरुले समाजमा विभेदको सामनाको कारण परम्परागत पितृसत्तात्मक समाज भनेका छन्। सुदूरपश्चिममा जनजाति भन्दा बाहुनक्षेत्री परिवारमा सामन्ती सोचाइका कारण 'परिवारको इज्जत जान्छ' भन्ने भावले ट्रान्सजेंडरहरू आफूलाई बन्द ढोकामा नै राख्न बाध्य भएका छन्। साथसाथै ट्रान्सजेण्डरहरुलाई स्वीकार गर्न नसक्नुको कारण अझै पनि हाम्रो समाजमा महिला र पुरुष बाइनरी अवधारणा भन्नुको मतलब हेटेरोनोरमेटिभ मात्र व्यवहारमा लागू गर्न खोजिएको देखिन्छ। तसर्थ समलिंगीहरु बन्चित रहनुपरेको छ।

कानुनमा सबैको मौलिक हकको सुनिश्चितता छ। अन्तर्राष्ट्रिय मानव अधिकार, योगकर्ता सिद्धान्तहरू(२००७) र नेपालको संविधान २०१५ आदिले लैंगिक तथा यौनिक अल्पसंख्यक हरूको समान हकको वकालत गरेको पाइन्छ। तर ट्रान्सजेंडरहरूको हकमा व्यवहारमा सहजता पाइदैन। पुरुष तथा महिलाको लागि नागरिता लिदा पुरुष तथा महिला भएको प्रमाण-पत्र देखाउनु नपर्ने तर ट्रान्सजेंडरहरूले ट्रान्सजेंडर नै हो भनेर प्रमाण पत्र देखाउनुपर्ने अवस्थाले सैद्धान्तिक रूपमा कानुनी सहजता भएपनि व्यावहारिक रुपमा पनि लचकता देखाउनु पर्ने देखिन्छ। अर्कोतर्फ नेपालमा समलिङ्गी विवाहलाई कानुनी मान्यता दिइसकेको छैन तर व्यवहारमा भने केही ट्रान्सजेण्डरहरुको समलिंगी विवाह भएको देख्न सकिन्छ। यस्तो विवाहलाई समाजले पनि स्वीकार गरेको छैन। तसर्थ उनीहरु घरपरिवार र समाजबाट वञ्चित हुनुपरेको अवस्था छ। ट्रान्सजेंडर मैत्री वातावरण अभावका कारण ज्ञान, सीप, क्षमता र दक्षताका बाबजुद पनि शिक्षा तथा रोजगारबाट वञ्चित हुनुपरेको अवस्था छ। समाजले महिला र पुरुष सरह नै ट्रान्सजेंडरलाई सोही तरिकाले व्यवहार र सम्बन्ध कायम गर्न सके भने हरेक क्षेत्रमा वञ्चितको अवस्था हुने थिएन, जसले गर्दा " बाच्नु भन्दा मर्नु बेश" भन्ने जस्ता भाव ट्रान्सजेंडरहरूमा पैदा हुने थिएन। तसर्थ वर्तमान समयमा नेपालमा पनि यौनिक तथा लैंगिक अल्पसंख्यकहरूको समस्या विहीन तथा ट्रान्सजेंडर मैत्री वातावरण बनाउन सकेमा मात्र आत्मसम्मानको जीवन यापन गर्न सकिन्छ।

निष्कर्ष

समाजमा ट्रान्सजेंडर सम्बन्धी अझै पनि ज्ञानको अभाव रहेकोले उनीहरुले फरक व्यवहार र विभेद भोग्नु परेको छ। परम्परावादी सोचका कारण ट्रान्सजेंडरहरु समाजमा खुलेर आउन समस्या भएको छ। उनीहरु समाजका विभिन्न क्षेत्रबाट बहिष्कार हुनु परेको अवस्था छ। विपरितलिङ्गीको व्यवहारले सामाजिक विभेद भोग्नु परेको देखिन्छ, जसका कारणले उनीहरूको शैक्षिक आर्थिक र राजनीति उन्नतिमा बाधा पुगेको देखिन्छ। समलिङ्गी विवाह कानुनमा प्रावधान नभएतापनि व्यवहारमा भने लागू भएको पाइन्छ। जैविक लिङ्ग तथा सामाजिक निर्माणको आधारमा लैङ्गिक पहिचान बुझ्न सकिदैन। त्यसका साथसाथै व्यक्ति विशेषको अनुभव र व्यवहार को आधारमा लैंगिकता बुझ्नुपर्छ। ट्रान्सजेंडरहरूलाई केहीमात्रामा कानुनका साथै समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन भएको छ, तर प्रयोगमा सहज नहुनुको साथै व्यवहार तथा सम्बन्धमा परिवर्तन हुन सकेको छैन, तसर्थ दोधारको जिन्दगी जिउन बाध्य रहेका छ14न्। ट्रान्सजेंडरहरूको अवस्था व्यक्तिविशेष फरक फरक रहेको छ। तुलनात्मकरुपमा शैक्षिक तथा आर्थिक रुपमा सक्षम व्यक्तिहरुले केही मात्रामा भएपनि आफूले चाहेको जीवनयापन गरेको पाइन्छ। तुलनात्मक रुपमा शैक्षिक र आर्थिक का साथै जाति र क्षेत्रको कारणले आफुले चाहेको जीवन

यापन गर्न सकिरहेका छैनन् । त्यसैले के भन्न सकिन्छ भने ट्रान्सजेंडरहरू सम्बन्धी ज्ञानको दायरा फराकिलो बनाउनुका साथै समाजका हरेक क्षेत्रमा ट्रान्सजेंडर मैत्री अनुकूल वातावरण, मनोवृत्ति तथा भावमा परिवर्तन आउनु पर्यो । नीतिमा सुधारका साथै प्रयोगमा सहज गर्नुपर्ने देखिन्छ । जसमा शैक्षिक प्रणाली र मिडियाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यदि ट्रान्सजेंडरहरुलाई सशक्तीकरण गर्न सकेमा आत्मसम्मानको जीवनयापन जिउन सक्छन्,जुन कुरा हरेक देशको समृद्धिसँग जोडिएको हुन्छ । यस अध्ययनमा ट्रान्सजेंडरभन्दा अन्यको (परिवार, नातेदार, छिमेकी) धारणा ल्याउन सकेमा ट्रान्सजेंडरहरूको वास्तविक अवस्था बुझ्न सकिन्थ्यो जुन कुरा अध्ययन गर्न आवश्यक रहेको छ ।

सन्दर्भग्रन्थ सूची

इन्टरनेश्नल कमिसन अफ जुरिष्ट, (२००९), लैङ्गिक अभिमुखीकरण*,* लैङ्गिक पहिचान तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानून, नेपाली संस्करण,जेनेभा स्विट्जरल्यान्ड.

निलहिरा समाज, (२०६७), समलिङ्गी / तेस्रोलिङ्गी बारे बारम्बार सोधिने प्रश्नहरु, प्राथमिक संस्करण, काठमाडौँ :. निलहिरा समाज

निलहिरा समाज, (२०६६), यौनिक तथा लैंगिक अल्पसंख्यक सम्बन्धी केही आधारभूत जानकारी, काठमाडौँ : प्रिन्ट प्वाइन्ट पब्लिसिङ त्रिपुरेश्वर।

नेपाल सरकार, (२०७२), नेपालको संविधान २०७२*,* नेपाल सरकार, कानुन, न्याय, सविधानसभा तथा संसदीय मामिला मन्त्रालय कानून किताब व्यवस्थापन समिति: काठमाडौँ ।

भिएसओ नेपाल, लटरी फन्डेट, निलहिरा समाज, (२००७), जकार्ता सिद्धान्तहरु*,*यौन अभिमुखीकरण र लैंगिक पहिचानको सम्बन्धमा अन्तर्राष्ट्रिय मानव अधिकार कानून उपयोगका सिद्धान्तहरु, काठमाडौँ :. निलहिरा समाज ।

Adamczyk, A. (2018). Examining public opinion about LGBTQ-Related Issues in the United States and Across Multiple Nations, *Annual review of sociology,* City University: New york. Retrieved from https://www.researchgate.net/publication/329754722.

Blogs (2020). *Violence against transgender people in Pakistan*, Retried from:

https://www.civicus.org › ...

Creswell, J.D. and Creswell W.J. (2017). *Research Design: Qualitative, Quantitative, and Mixed Methods Approaches,* SAGE Publications. Inc.

Hausman L. B. (2001). *Review: Transgender Theory, Feminist Studies,* Inc. Jstor.org.

Nagoshi, J.L. and Brzuzy, S. (2010). Transgender Theory: Embodying Research and Practice. Journal of Women and Social Work 259(4) 431-443.

Sawant, Neena .(2017). Transgender: Status in India, *Annals of Indian Psychiatry.* Retrieved from:: https://www.researchgate.net/publication/322012741

Trans Right Collective.(2020). *A loose network of young trans men & trans women, based in nepal.* Paper submitted to Govt. Nepal.

UNDP and USAID. (2014). *Being LGBT in Asia: Nepal Country report*, Bangkok.